अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

## आय ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आह्वान गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८०।०७।१३**

यस अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार र मिति २०८०/०३/०८ गतेको गाउँसभाद्वारा पारित आर्थिक ऐन अनुसार निम्न ठेक्काहरु आ.व. २०८०/८१ को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । निम्न शर्तहरुको अधिनमा रही सिलबन्दि बोलपत्र आब्हन गरिएको हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१) तपशिल बमोजिमका ठेक्काहरुको लागि निर्धारित म्यादभित्र तोकीए बमोजिमका वोलपत्र दस्तुर (फिर्ता नहुने गरी) बुझाई अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय, पोखरेबगर, म्याग्दीवाट वोलपत्र फाराम प्राप्त गर्न सकिने छ । बोलपत्र फारम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै खरिद गर्नु पर्नेछ ।

२) वोलपत्र पेश गर्न इच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुले वोलपत्र फाराममा आफुले कवोल गर्न चाहेको अंक भरी ,अंक र अक्षरमा रकम प्रष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।साथमा ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र फर्म, कम्पनीको हकमा, स्थायी लेखा नम्वर प्रमाणपत्र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र र आ.व.२०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी धरौटी वापत आफुले कवोल गरेको अंकको ५ प्रतिशत (प्रत्येक ठेक्काको) छुट्टाछुट्टै धरौटी वापतको रकम यस कार्यालयको नाममा प्रभु बैंक, अन्नपूर्ण शाखामा रहेको धरौटी खाता नं. १५४०११०४१२६०००४६ मा जम्मा गरेको सक्कल वैक भौचर वा कम्तीमा ९० दिनको मान्यता प्राप्त वैंकको सक्कल जमानतपत्र संलग्न गरी तोकिए वमोजिमको मिति र समयमा अन्नपूर्ण गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । रितपूर्वक दाखिला हुन भएका सिलवन्दी वोलपत्रहरु तोकिएको मिति र समयमा कार्यालय प्रतिनिधि तथा वोलपत्रदाताको रोहवरमा खोलिने छ । वोलपत्रदाता उपस्थित नभएको खण्डमा समेत बोलपत्र खोल्न बाधा पर्नेछैन।

३) वोलपत्र फारमको खाम वाहिर ठेक्काको नाम खुल्नेगरी कार्यालयलाई सम्वोधन गरी पेश गर्नुपर्नेछ ।

४) आफुले पेश गरेको वोलपत्र फाराममा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ । अंक केरमेट भएमा अक्षरलाई मान्यता दिइनेछ। रितपूर्वक दाखिला भएका वोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

५) ठेक्का स्विकृत भएको जानकारी प्राप्त भएको पत्रको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न आउनुपर्नेछ। सो म्याद भित्र सम्झौता गर्न नआएमा ठेक्का प्रयोजनको लागि जम्मा गरेको धरौटी जफत गरी त्यस पछिको कवोल गर्ने वोलपत्र दाताहरुको वोलपत्रलाई स्विकृत गरिनेछ ।

६) ठेक्का सम्झौता गर्न आउदा आफुले कवोल गरेको अंकको १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर, १३ प्रतिशत मुल्य अभिवृद्धि कर (भ्याट) रकम र कवोल गरेको ५० प्रतिशत रकम अन्नपूर्ण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं १५४०११०४१२६०००५६ मा अग्रिम दाखिला गर्नुपर्नेछ र बाँकी रकमको बैंक जमानत पेश गर्नुपर्नेछ ।

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

७) आफुले कवोल गरेको रकम एकमुस्ट वुझाउने स्विकृत वोलपत्रदातालाई १० प्रतिशत रकम प्रोत्साहन स्वरुप छुट दिइनेछ । एकमुस्ट रकम वुझाउन नसक्ने वोलपत्रदाताले दोस्रो किस्ता २५ प्रतिशत पौष मसान्त भित्र र अन्तिम किस्ता २५ प्रतिशत जेष्ठ मसान्त भित्र वुझाईसक्नु पर्नेछ ।

८) स्विकृत वोलपत्रदाताले कर असुल गर्दा कार्यालयले तोकिदिएको दररेटमा मात्र उठाउन पाउनेछ । वोलपत्रदाता दाताले अन्नपूर्ण गाउँपालिकामा वुझाउन पर्ने रकम वाहेक अन्य कर दस्तुर स्वयंले वुझाउनु पर्नेछ ।

९) ठेक्का स्वीकृत भएका ठेकेदारले अन्नपूर्ण गाउँपालिकाले तोकिदिएको कर उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु अन्नपूर्ण गाउँकार्यपालिकाको कार्यालयवाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१०) यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु यस गाउँ कार्यपालिकाको निर्णय तथा नेपाल सरकारको प्रचलित ऐन नियम वमोजिम हुनेछ ।

११) कुनै शर्त सहितको वोलपत्र स्विकार्य हुनेछैन । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं.९८५७६८३८१० मा सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

| सि नं | ठेक्का नं. | विवरण | ठेगाना | न्यूनतम अंक रु. (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रकम (रु.) | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम पेश गर्नुपर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | 04/RT/ARM/2080-81 | रातोपानी कुण्डमा क्यान्टीन सञ्चालन र प्रवेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. पोखरेबगर ६ रातोपानी | ३,००,०००।- तीन लाख | १०००/- | २०८०/७/२० कार्यालय समय भित्र | २०८०/७/२१ अपरान्ह १२:०० बजे | २०८०/७/२१ दिनको २ बजे |

अन्नपूर्ण गाउँपालिकावाट सञ्चालन हुने उक्त ठेक्कामा लाग्ने शुल्क गाउँपालिकाको आर्थिक ऐनमा तोकीय बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत